# भीमदत्त राजपत्र

भीमदत्त नगरपालिकाद्वारा प्रकाशित

खण्ड ५ संख्या ४ पौष २९ गते, २०७८

## भाग १

### भीमदत्त नगरपालिकाको सूचना

**नेपालको संविधान धारा २२६ को उपधारा (२) बमोजिम निर्माण गरिएको सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन २०७५ को दफा २४ उपदफा (५) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः**

### प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७८

**प्रस्तावना** : नगरपालिकामा बसोवास गर्ने नागरिकहरुको हित प्रबर्द्धन गर्ने, नगरक्षेत्र भित्र शान्ति र सुव्यवस्था कायम राख्ने, उपलब्ध प्राकृतिक, भौतिक एवं मानवीय स्रोतको उच्चतम परिचालन गर्ने, गैरसरकारी एवं निजी क्षेत्रको सहभागितामा विकास निर्माणका क्रियाकलापहरु अघि बढाउने लगायत नगरपालिकाले सम्पादन गर्ने कामहरु सुचारु रुपले सम्पादन गर्न र नगरपालिकाले

अपनाएका सबै प्रशासकीय विषयका कार्यविधिहरु नियमित गर्न आवश्यक कानूनी व्यवस्था गर्नु आवश्यक भएकोले,

नेपालको संबिधानको धारा २२६ बमोजिम भीमदत्त नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, र प्रारम्भ :** (१) यो ऐनको नाम "भीमदत्त नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन भीमदत्त नगरपालिका क्षेत्र भित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले भीमदत्त नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले भीमदत्त नगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले भीमदत्त नगरपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगर सभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान (२०७२) लाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त भीमदत्त नगरपालिका नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने:** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही भीमदत्त नगरपालिका नगरकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

(२) यो ऐन प्रारम्भ हुनु भन्दा अगाडि नगर कार्यपालिकाबाट पारित भई कार्यान्वयनमा रहेका निर्देशिका, कार्यविधि र मापदण्ड यसै ऐनको दफा ४ (१) बमोजिम भएको मानिनेछ ।

५. **बचाउ तथा खारेजी:** प्रशासकीय कार्यबिधि (नियमित गर्ने) ऐन २०७४ खारेज गरिएको छ ।

(२) प्रशासकीय कार्यबिधि (नियमित गर्ने) ऐन २०७४ बमोजिम भए गरेका काम यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

**आज्ञाले**

**हरि बहादुर चन्द**

**प्रमुख प्रशासकीय अधिकृत**

भीमदत्त नगरपालिका